नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

# प्रेस विज्ञप्ति

## सीमाभन्दा बढी हुने गरी बैंक निक्षेपमा लगानी गर्ने सामूहिक लगानी कोष योजना व्यवस्थापकहरुसँग स्पष्टीकरण माग गरिएको सम्बन्धमा ।

सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ को उपनियम (१) को खण्ड (ङ) मा बैंक निक्षेपमा योजनाको कुल सम्पत्तिको दश प्रतिशतभन्दा बढी नहुने गरी लगानी गर्नुपर्नेछ भन्ने स्पष्ट व्यवस्था रहेकोमा सिटिजन म्युचुअल फण्ड अन्तर्गतको सिटिजन म्युचुअल फण्ड-१ को योजना व्यवस्थापक सि.वि.आइ.एल. क्यापिटल लि., एनएमबि म्युचुअल फण्ड अन्तर्गत एनएमवि सुलभ इन्भष्टमेन्ट फण्ड-१ र एनएमवि हाइव्रिड फण्ड-१ को योजना व्यवस्थापक एनएमबि क्यापिटल लि., लक्ष्मी म्युचुअल फण्ड अन्तर्गतको लक्ष्मी इक्विटी फण्ड र लक्ष्मी भ्यालु फण्ड-१ को योजना व्यवस्थापक लक्ष्मी क्यापिटल मार्केट लि. र एनआइसि एशिया म्युचुअल फण्ड अन्तर्गतको एनआइसि एसिया ग्रोथ फण्डको योजना व्यवस्थापक एनआइसि एशिया क्यापिटल लि.द्वारा संचालित योजनाले बोर्डमा पेश गरेको मासिक खुद सम्पत्ति सम्बन्धी विवरण अनुसार उक्त योजनाको रकम लगानी गर्दा बैंक निक्षेपमा तोकिएको सीमाभन्दा बढी हुने गरी लगानी गरेको देखिएको ।

यस सम्बन्धमा बोर्डको स्थलगत निरिक्षणको क्रममा समेत सोही अनुसार लगानी गरेको पाइएकोले यस कार्यबाट सामूहिक लगानी कोष नियमावली २०६७ को नियम ३६ को (१) को खण्ड (ङ) को व्यवस्थाको पालना गरेको नदेखिएको हुँदा उक्त योजना व्यवस्थापकहरुसँग धितोपत्र सम्बन्धी ऐन,२०६३ को दफा १०१ बमोजिम तथा नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम २८ बमोजिमको कारवाही किन नगर्ने भनी १५ दिनको म्याद दिई स्पष्टीकरण माग गरिएको छ ।

मिति :२०७५/०४/१०

प्रवक्ता



Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np